**एड्भोकेसी फोरम-नेपाल : दण्डहीनता अन्त्यका लागि सरकारले संक्रमणकालीन न्याय संयन्त्रमा नयाँ नियुक्ति गर्न आवश्यक**

***सशस्त्र द्वन्द्व अन्त्य भएको २० वर्षपछि पनि पीडितहरू सत्य, न्याय र परिपूरणको प्रतीक्षामा छन् ।***

(काठमाडौं, २०८२ मंसिर ५)-अन्तरिम सरकारले संक्रमणकालीन न्यायप्रति आफ्नो दृष्टिकोणमा पुनर्विचार गर्नुपर्ने एड्भोकेसी फोरम-नेपालले आज सार्वजनिक गरेको प्रतिवेदनमा जनाएको छ ।

सुरक्षाकर्मी र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्व अन्त्य गर्नका लागि २०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौताको १९ वर्ष बितिसक्दा पनि पीडितहरूका साथै सम्पूर्ण देशले अझै सत्य, न्याय र परिपूरणको प्रतीक्षा गरिरहेको छ । हालै भएको जेनजी आन्दोलनले विशेषरूपमा युवा र समग्र नेपाली जवाफदेहिता र कानूनी शासन चाहन्छन् भनी स्पष्ट पारेको छ ।

द्वन्द्वपीडित समुदाय र नागरिक समाजको कडा विरोध र गम्भीर सरोकार हुँदाहुँदै पनि अन्तरिम सरकारले अहिलेकै संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरूलाई निरन्तरता दिने संकेत दिएको छ । यी आयोगका आयुक्तहरूलाई अघिल्लो सरकारले त्रुटिपूर्ण छनोट प्रक्रियामार्फत नियुक्त गरेको थियो र पीडित समुदायलाई पूर्ण बेवास्ता गर्दै पारदर्शी प्रक्रिया समेत अपनाइएको थिएन । यीमध्ये अधिकांश आयुक्तहरूमा विज्ञता र अनुभवको कमी छ र उनीहरू प्रमुख राजनीतिक दलहरूसँग निकट रहेको बताइन्छ ।

अन्तरिम सरकारले वर्तमान आयोगलाई खारेज गरी आयुक्त छनोट प्रक्रिया फेरि थाल्नुको साटो आयोगहरूको काम र बजेटको व्यवस्थापन सम्बन्धी नियमावलिहरू पारित गरेको छ । "यसले देशमा दण्डहीनता झन् गहिरो बनाउने जोखिम छ," एड्भोकेसी फोरम-नेपालका कार्यकारी निर्देशक विकास बस्नेतले बताए ।

"देशको हरेक क्षेत्रमा दण्डहीनताले जरा गाडेर बसेको छ । सशस्त्र द्वन्द्वअघि, द्वन्द्वका दौरान र द्वन्द्व अन्त्य भएपछि पनि दण्डहीनता कायम छ । संक्रमणकालीन न्याय सम्बन्धी आयोगहरूबाट सत्य, न्याय र परिपूरणको सुनिश्चितता नभए भविष्यमा पनि दण्डहीनता कायम रहन्छ," उनले थपे ।

"नेपालको लोकतान्त्रिक यात्रालाई सही दिशामा लैजान र विगतमा भएको जस्तै हिंसा नदोहोरियोस् भनी सुनिश्चित गर्न संक्रमणकालीन न्याय प्रक्रियाको समुचित कार्यान्वयन आवश्यक छ," उनले जोड दिँदै भने ।

एड्भोकेसी फोरम-नेपालले प्रकाशन गरेको नयाँ प्रतिवेदनले संक्रमणकालीन न्यायको कार्यान्वयनको अभावलाई गत भदौमा भएको जेनजी आन्दोलनको मूल कारणसँग जोडेको छ । भ्रष्टाचार र बेथितिविरुद्ध आन्दोलन गरिरहेका जेनजी अभियन्ता र विगतमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनामा दण्डहीनताविरुद्ध अभियान चलाइरहेका पीडित समुदायबीचको अन्तःसम्बन्धलाई प्रतिवेदनले केलाएको छ । निर्वाचित जनप्रतिनिधिहरूले स्वेच्छाचारी रूपमा गरिरहेको शक्तिको दुरुपयोगलाई यी दुवै आन्दोलनले

अस्वीकार गरेको स्पष्ट पारेका छन् । दुवैले पारदर्शिता र जवाफदेहितालाई सुनिश्चित गर्नुपर्ने माग गरेका छन् । सार्वजनिक निकायमा कार्यरत व्यक्तिहरूको योग्यता र विज्ञतालाई अवमूल्यन गर्दै राजनीतिक पहुँच र प्रभावका बलमा अयोग्य व्यक्तिहरूले ती निकाय कब्जा गर्ने कार्यको जेनजी र पीडित समुदाय दुवैले विरोध गरेका छन् ।

भदौ २३ र २४ मा भएका घटनाको अनुसन्धान गर्नका लागि अन्तरिम सरकारले गठन गरेको आयोगले पनि विगतका आयोगहरूकै नियति भोग्नुपर्ने सम्भावना रहेको भनी चिन्ता व्यक्त गरिएको छ । आयोगले प्रमाण संकलन गरिरहेको, सुरक्षाकर्मी र राजनीतिक दलका सदस्यहरूसँग कुराकानी गरिरहेको, उनीहरूलाई प्रमाण दिनका लागि निमन्त्रण गरिरहेको र नेपाली सेना सहितको निकायमा चेन अफ कमान्डलाई विश्लेषण गरिरहेको छ । विगतको जस्तै गरी आयोगहरू जवाफदेहिताको मागलाई थामथुम पार्ने र दण्डहीनतालाई सुदृढीकरण गर्ने माध्यम बन्नुहुँदैन । नयाँ शासनपद्धतिमा कोही पनि कानूनभन्दा माथि नरहेको तथ्यलाई यस आयोगले स्थापित गर्नुपर्दछ ।

एड्भोकेसी फोरम-नेपालको प्रतिवेदनले अन्तरिम सरकार, अन्तर्राष्ट्रिय समुदाय र परामर्शमा आधारित प्रक्रियापछि गठन हुने नयाँ संक्रमणकालीन न्याय निकायलाई विभिन्न सिफारिसहरू गरेको छ । पीडितहरूसँगको सार्थक परामर्शपछि संक्रमणकालीन न्याय सम्बन्धी निकायहरूको पुनर्गठन, पीडक भनिएका व्यक्तिहरूको परीक्षण, उनीहरूलाई देश छोडेर जान रोक, परिपूरणसम्बन्धी विस्तृत नीति र नेपाल प्रहरी, नेपाली सेना, निजामती प्रशासन तथा न्यायपालिकाको सुधारका लागि सार्वजनिक बहस आरम्भ गर्न सिफारिस गरिएको छ ।

त्रुटिपूर्ण संक्रमणकालीन न्याय प्रक्रिया तथा मानवअधिकार सिद्धान्तलाई अवमूल्यन गर्दै दण्डहीनतालाई थप सुदृढीकरण गर्ने र देशमा हिंसाको चक्र दोहोऱ्याउने प्रक्रियाहरूलाई सहयोग वा समर्थन नगर्न एड्भोकेसी फोरम-नेपाल अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्दछ ।

एड्भोकेसी फोरम-नेपालको नयाँ प्रतिवेदन ‘नेपालमा दण्डहीनता : एक अन्त्यहीन शृंखला’ यहाँ उपलब्ध छ : https://advocacyforum.org/_downloads/impunity-report-nov-2025.pdf

थप जानकारीका लागि, सम्पर्क गर्नुहोस् :

विकास बस्नेत, कार्यकारी निर्देशक, एड्भोकेसी फोरम-नेपाल ९८५११६९८२२ वा bbasnet@advocacyforum.org ।